# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरुः-

**संवत् २०८३ साल जेठ ०१ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् –**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** श्री सुशीला अर्याल (क.स.नं.१९३२४४) लाई आन्तरिक मामिला तथा कानून मन्त्रालय र श्री नारायण प्रसाद अर्याल (क.स.नं.१८२१८२) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा प्रदेश सचिवको पदमा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** अध्ययन पूर्व स्वीकृति तथा अध्ययन विदा स्वीकृति सम्बन्धी कार्यविधि,२०८३ स्वीकृत गर्ने प्रस्ताव सम्बन्धमा - **"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने गरी उक्त समितिमा पठाउने।"**

३. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०८३ सम्बन्धमा **"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने गरी उक्त समितिमा पठाउने।"**

४. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** सवारी साधन नवीकरण तथा पटके सेवा सञ्चालन गर्ने

५. **वन तथा वातावरण मन्त्रालयः** धार्मिक वन हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

६. **वन तथा वातावरण मन्त्रालयः** निजी वनमा भएका रूखको (कटान, उपयोग ओसारपसार, बिक्रि वितरण तथा अनुगमन) सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा **"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने गरी उक्त समितिमा पठाउने।"**

७. **"सम्वत् २०८३ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याउन लुम्बिनी प्रदेश सरकारका मन्त्रालयलाई चुस्त, छरितो र मितव्ययी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ८ (आठ) वटा मन्त्रालय कायम गर्ने गरी यस अघि प्रमुख सचिवको संयोजकत्वमा गठन भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति लाई यथाशीघ्र मन्त्रालयको संगठन संरचना पुनरावलोकन गरी तदनुरुप प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा आवश्यक संशोधनको मस्यौदा सहितको प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्ने जिम्मेवारी दिने।"**